आज मिति २०७७ साल असोज महिनाको ०५ गते सोमबारका दिन पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री अस्मान तामाङज्यूको अध्यक्षतामा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, (District Covid-19 Crisis Management Centre) को बैठक देहायको उपस्थितिमा बसी निम्न अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति

| | |
|---|---|
| अध्यक्ष श्री अस्मान तामाङ | प्रमुख जिल्ला अधिकारी, पर्सा |
| सदस्य श्री डा. उदय सिंह | नि.मे.सु. नारायणी अस्पताल, बीरगंज, पर्सा |
| सदस्य श्री मदनजंग राणा | प्रमुख सेनानी, चण्डी प्रसाद गण, पर्सा |
| सदस्य श्री गंगा पन्त | प्रहरी उपरीक्षक, जिल्ला प्रहरी का., पर्सा |
| सदस्य श्री राजेन्द्र खड्का | सशस्त्र प्रहरी उपरीक्षक, स.प्र.ब. नेपाल, पर्सा |
| सदस्य श्री कुमार खड्का | उप अनु. निर्देशक, रा.अ.जि. कार्यालय, पर्सा |
| सदस्य श्री कामेश्वर प्रसाद चौरसिया, | बरिष्ठ जनस्वास्थ्य अधिकृत, जि.स्वा.का. |
| सदस्य श्री विनय कुमार श्रीवास्तव | जिल्ला प्रशासन कार्यालय, पर्सा |

आमन्त्रित:

| | |
|---|---|
| श्री डा. रमेश मिश्र | जिल्ला आयुर्वेद कार्यालय, पर्सा |

निर्णयहरु

१. कोभिड-१९ को बढ्दो संक्रमणका कारण समग्र क्षेत्रमा उत्पन्न असहज परिस्थितिका बावजुद आ-आफ्नो ठाउँबाट संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा सदाझै निरन्तरको सहयोग, साथ र सहभागिताको लागि सम्बन्धित सबैमा धन्यवाद व्यक्त गरियो ।

२. हाल कोभिड अस्पतालको रुपमा संचालित बिरगंज हेल्थ केयर होस्पिटल विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ बमोजिम सूचिकृत अस्पताल भएकोले मृगौला सम्बन्धी रोगिको उपचारको लागि डायलायसिस कार्यक्रम थप गर्न ऐ. निर्देशिका बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरिदिन भनी लेखि पठाएकोमा उक्त अस्पताललाई डायलायसिस सेवा संचालन गर्नको लागि श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

३. नेपाल सरकारको मिति २०७७-०५-२९ गतेको निर्णायानुसार अन्तर्राष्ट्रिय सिमाना सिल रहेको अवस्थामा नारायणि अस्पतालले प्रचलित मापदण्ड बमोजिम नेपाली नागरिकको बाहेक अन्य कसैको RT-PCR परिक्षण नगर्ने तर नेपालमै लामो समयदेखी कार्यरत लक्षण देखिएका विदेशी नागरिक, प्राविधिक, संगठित/असंगठित मजदुर/कामदारको हकमा सम्बन्धित

प्रतिष्ठानले सम्पूर्ण दायित्व ब्यहोर्ने शर्तमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, पर्सको सिफारिसका आधारमा मात्र RT-PCR परिक्षण गर्ने निर्णय गरियो ।

४. प्रचलित प्रावधान अनुरुप लक्षण नदेखिएकाहरुको RT-PCR परिक्षण गरी रहनु नपर्ने भएकोले । सोहि बमोजिम थुनुवा तथा कैदीबन्दीहरुलाई कारागार कार्यालय, पर्साको आईसोलेसनमा राख्ने र लक्षण देखिए पछि मात्र नारायणी अस्पतालले RT-PCR परिक्षण गर्ने । यस कार्यको लागि जिल्ला प्रहरी कार्यालय, पर्साले कारागार कार्यालय, पर्सासँग समन्वय गर्ने ।

२०७७/०३/०४